# वन तथा वातावरण मन्त्रालय
# लुम्बिनी प्रदेशको
# आष्ठमासीक प्रगती विवरण

# प्रदेश सरकार
# लुम्बिनी प्रदेश

# वन तथा वातावरण मन्त्रालय
# राप्ति उपत्यका (देउखुरी),दाङ

## पृष्ठभूमी

नेपालको संविधानले लुम्बिनी प्रदेशमा वन वन्यजन्तु जैबिक बिबिधता तथा वातावरण क्षेत्रको विकास, विस्तार र समृद्धि गर्ने जिम्मेवारी रहेको यस मन्त्रालय स्थापना भई सञ्चालनमा रहेकोछ। प्रदेश भित्रको वातावरणीय संरक्षण तथा स्वच्छता सम्बन्धी प्रविधि विकास र व्यवस्थापन, वन,वनस्पति,वन्यजन्तु,जैविक विविधता,जलाधार व्यवस्थापन सम्बन्धी नियमन र व्यवस्थापन, वातावरणीय क्षेत्रको अध्ययन, अनुसन्धान, क्षमता अभिवृद्धि र नियमन गर्ने यस मन्त्रालयको मुख्य जिम्मेवारी रहेको छ ।

## दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

### दीर्घकालीन सोच

वातावरणीय सन्तुलन कायम राख्दै रोजगारी र आयआर्जन हुनेगरी वनको दिगो व्यवस्थापन गर्दै जडिबुटी तथा गैह्रकाष्ठ वनपैदावारको व्यावसायिक उत्पादन तथा प्रशोधन मार्फत अर्थतन्त्रमा योगदान।

### लक्ष्य

वनपैदावारहरूको समूचित प्रयोग, जैविक विविधता र जलाधारको समुचित संरक्षण, व्यबस्थापन र सदुपयोगबाट वातावरणीय सन्तुलन कायम गर्दै रोजगारी र आयआर्जनमा वृद्धि गर्ने।

जडिबुटी तथा तथा गैह्रकाष्ठ वनपैदावारको व्यावसायिक उत्पादन तथा प्रवर्द्धन गर्नुका साथै आय र रोजगारी बढाउने।

### रणनीति

१. वनसम्बन्धी प्रादेशिक नीति, कानून र उपयुक्त संरचना बनाउने।
२. विद्यमान वनक्षेत्र कायम राखीउत्पादकत्व वृद्धिका लागि वनको सहभागितामूलक, दिगो एवम् वैज्ञानिक व्यवस्थापन गर्ने।
३. जैविक विविधता र जलाधारको दिगो व्यवस्थापन र उपयोगमा स्थानीय समुदायको पहुँच वृद्धि गर्ने एवम् पर्यापर्यटनका आधार क्षेत्रहरूलाई पुन:स्थापना तथा पुन:निर्माण गर्ने।
४. जलवायु परिवर्तनका असर तथा वायू प्रदुषणलाई मध्यनजर राख्दै वातावरण संरक्षण गर्ने।
५. निजी तथा कृषि वन विकास तथा विस्तार गरी जलवायु परिवर्तन न्यूनीकरणमा योगदान गर्नुका साथै कृषकको आम्दानी तथा रोजगारीमा वृद्धि गर्ने ।

६. भौगोलिक विशेषता अनुरूप जडिबुटी तथा गैह्रकाष्ठ वनपैदावारको व्यावसायिक खेतीलाई प्रोत्साहन गर्ने।
७. जडीबुटी तथा गैह्रकाष्ठ वनपैदावारको लागि आन्तरिक र बाह्य बजार प्रवर्द्धन गर्ने।

## उद्देश्यहरु

- दीगो एवम् वैज्ञानिक वन व्यवस्थापनद्वारा वन क्षेत्रको उत्पादकत्व र वन पैदावारको उत्पादन वृद्धि गर्नु ।
- जैविक विविधता र स्रोतको संरक्षणलगायत वातावरणीय सेवाबाट प्राप्त हुने लाभ वृद्धि गर्दै न्यायोचित वितरण सुनिश्चित गर्नु ।
- जडिबुटीहरूको तथा गैह्रकाष्ठ वनपैदावारको व्यावसायिक खेती गरी उत्पादन र उत्पादकत्व अभिवृद्धि सहित रोजगारी सिर्जना गर्नु।
- जडिबुटी तथा तथा गैह्रकाष्ठ वनपैदावारमा आधारित उद्योगहरूको स्थापना, मूल्य अभिवृद्धि तथा निर्यात प्रवर्द्धन गर्नु।
- दीगो विकासको लक्ष्य हासिल गर्न वातावरण संरक्षण गराउनु ।
- वनजन्य वस्तुको उत्पादन विस्तार र यसमा आधारित उद्योगहरू स्थापना गरी रोजगारी सिर्जना गर्नु।
- भू-स्खलन नियन्त्रण र भू-संरक्षण कायम गर्दै वातावरणीय सन्तुलन कायम गर्नु।
- जलवायू परिवर्तनका नकारात्मक प्रभाव न्यूनीकरण तथा अनुकूलन र विपद् जोखिम न्यूनीकरणका उपाय अवलम्बन गर्दै जल, जलस्रोत तथा भूमिको संरक्षणबाट भूमिको उत्पादकत्व वृद्धि गर्न जलाधार क्षेत्रको एकिकृत संरक्षण र व्यवस्थापन गर्नु ।
- हरित विकासको अवधारणा अनुरूप मानवीय क्रियाकलाप र विकास प्रक्रियालाई जलवायू परिवर्तन अनुकूलित गराउनु ।
- बढ्दो सहरीकरणबाट उत्सर्जित प्रदुषण न्यूनीकरण गराउनु ।

## कार्यक्षेत्र

प्रदेश सरकार (कार्य विभाजन) नियमावली अनुसार यस मन्त्रालयको कार्यक्षेत्र अनुसारका कार्य मुख्य जिम्मेवारीहरू देहाय बमोजिम रहेका छन् ।

- प्रदेशस्तरमा वन क्षेत्रको नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन
- वन्यजन्तु र वन पैदावार ओसारपसारसम्वन्धी नियमन र अपराध नियन्त्रण

- वन, वनस्पति, वन्यजन्तु र जैविक विविधतासम्बन्धी प्रादेशिक सङ्ग्रहालय व्यवस्थापन
- प्रदेशस्तरमा संरक्षण क्षेत्र र चरन क्षेत्रको व्यवस्थापन
- जैविक विविधता पार्क,हात्तीसार तथा चिडियाखानाको व्यवस्थापन
- जडिबुटी खेती प्रविधि प्रर्वद्धन, विस्तार तथा बजारीकरण सम्बन्धी नीति तथा कानून तर्जुमा, तथा कार्यान्वयन र नियमन, अध्ययन अनुसन्धान तथा तथ्याङ्क संकलन
- वन तथा वातावरणसम्बन्धी बिषयमा प्राविधिक सूचना तथा सेवा प्रबाह
- वन अतिक्रमण तथा वन डढेलो नियन्त्रण तथा रोकथाम सम्वन्धी नीति, समन्वय र सहयोग
- प्रदेशस्तरका वनस्पति उद्यान तथा हर्वेरीयमहरुको व्यवस्थापन र वनस्पति पहिचान तथा अभिलेखीकरण सम्वन्धी नीति र व्यवस्थापन
- प्रदेशस्तरमा जैविक विविधताको अध्ययन, अनुसन्धान, व्यवस्थपन, नियमन, संरक्षण एवम् लाभांश बाँडफाँट
- प्रदेशस्तरमा जलाधार संरक्षण तथा जलउपयोग नीति, प्रविधि विकास, व्यवस्थापन
- प्रदेशभित्र भूस्खलन नियन्त्रण
- प्रदेशस्तरमा वातावरणीय संरक्षण तथा स्वच्छता सम्बन्धी प्रविधि विकास र व्यवस्थापन
- प्रदेशस्तरमा वातावरण सम्वन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन
- प्रदेशस्तरमा वातावरणीय सूचना प्रणालीको स्थापना
- प्रदेशस्तरमा वातावरणीय जोखिमका लागि तयारी तथा उद्धार
- प्रदेशस्तरमा वातावरणीय प्रयोगशालाको स्थापना, सञ्चालन र व्यवस्थापन
- प्रदेशस्तरमा ठोस, वायु, तरल, जल, ध्वनि तथा बिद्युतीय लगायत प्रदुषणको मापदण्ड निर्धारण, कार्यान्वयन, अनुगमन र नियन्त्रण
- प्रदेशस्तरमा न्यून कार्वनमुखी तथा वातावरणमैत्री विकास प्रक्रिया र हरित क्षेत्र प्रवर्द्धन
- प्रदेशस्तरमा वातावरणीय संरक्षण क्षेत्र तथा प्राकृतिक सम्पदाको संरक्षण र सम्वर्द्धन
- प्रदेशभित्र वातावरणीय क्षेत्रको अध्ययन, अनुसन्धान, क्षमता अभिबृद्धि, वातावरणीय सुशासन तथा परीक्षण
- भूपरिधि क्षेत्र तथा वन क्षेत्रको पहिचान, बर्गीकरण, संरक्षण र व्यवस्थापन
- संरक्षण क्षेत्र पहिचान र व्यवस्थापकीय पद्धति निर्धारण
- अन्तरप्रदेशीय नदी उकास तथा सडक किनार वृक्षरोपण व्यवस्थापन
- वृक्षरोपणको लागि दिगो तथा गुणस्तरीय बीउ उत्पादन, बीउबगैंचा स्थापना र व्यवस्थापन
- प्रदेशभित्र वृक्षरोपण तथा सम्भार सम्वन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन

- प्रदेशभित्र जडिबुटि तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी व्यवस्थापन
- वन्यजन्तु र चराचुरुङ्गी सम्वन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन आदी ।

**दरवन्दी र पदपूर्तिको अवस्था**

| सि.नं. | मन्त्रालय/कार्यालयकोनाम/ठेगाना | स्वीकृत दरवन्दीसंख्या | पदपूर्ति | रिक्त |
|---|---|---|---|---|
| १ | वन वातावरण तथा भूसंरक्षण मन्त्रालय,लुम्बिनीप्रदेश | ४३ | २८ | १५ |
| ३ | वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र बुटवल | १० | ८ | २ |
| ४ | वन निर्देशनालय भैरहवा | २८ | २२ | ६ |
| ५ | भू तथा जलाधार व्यवस्थापन कार्यालय पाल्पा | १७ | १६ | १ |
| ६ | भूतथा जलाधार व्य.का.दाङ्ग | १७ | १४ | ३ |
| ७ | डिभिजन वन कार्यालय वाँके | ९४ | ९१ | ३ |
| ८ | डिभिजनवन कार्यालय वर्दिया | ७८ | ७४ | ४ |
| ९ | डिभिजनवनकार्यालय दाङ्ग(दाङ्ग) | ११० | ७० | ४० |
| १० | डिभिजनवनकार्यालय रुकुम पूर्व | ३४ | १९ | १५ |
| ११ | डिभिजनवनकार्यालय रोल्पा | ५५ | ४१ | १४ |
| १२ | डिभिजनवनकार्यालय प्यूठान | ४५ | ३७ | ८ |
| १३ | डिभिजनवनकार्यालय कपिलवस्तु (कपिलवस्तु) | ९५ | ९५ | |
| १४ | डिभिजनवनकार्यालय रुपन्देही | ९५ | ८५ | १० |
| १५ | डिभिजनवनकार्यालय परासी | ७८ | ६४ | १४ |
| १६ | डिभिजनवनकार्यालय गुल्मी | ४५ | ४१ | ४ |
| १७ | डिभिजनवनकार्यालय अर्घाखाँची | ५० | ४५ | ५ |
| १८ | डिभिजनवनकार्यालय पाल्पा | ६० | ५४ | ६ |
| १९ | डिभिजनवनकार्यालयदाङ्ग देउखुरी | ११० | ७१ | ३९ |
| २० | डिभिजनवनकार्यालय कपिलवस्तु (गौतमबुद्ध) | ९४ | ८९ | ५ |
| | | | | |

## २.तयार भएका निति,ऐन,नियमावलि,गठन आदेश,निर्देशिका तथा कार्यबिधिहरुको विवरण

| क सं | नाम | कैफियत |
|---|---|---|
| १ | वातावरण संरक्षण ऐन २०७७ | |
| २ | प्रदेश वन ऐन २०७८ | |
| ३ | वातावरण संरक्षण नियमावली २०७७ | |
| ४ | प्रदेश वन नियमावली २०७९ | |
| ५ | नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधी २०७५, | |
| ६ | वार्षिक कार्यक्रम संचालन कार्यविधी | |
| ७ | जगदिशपुर बर्ड स्याङ्चुरी व्यवस्थापन योजना २०७९ | |
| ८ | वन पैदावार आपुर्ति समिती सन्चालन कार्यबिधि २०७९ | |

३.निति तथा कार्यक्रमको प्रगती

| निति तथा कार्यक्रमको बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| १२६ र १२७ | वन क्षेत्रको उत्पादन र उत्पादकत्व बढाई प्रदेशलाई वन पैदावारमा आत्मनिर्भर बनाइनेछ। वन उपभोक्ता समूहको क्षमता अभिवृद्धि गरी उनिहरूको कार्य र क्रियाकलापमा सुशासन कायम गरिनेछ ।वन डढेलोको प्रकोप नियन्त्रण गरिनेछ ।<br><br>"एक स्थानीय तहः एक नमूना कृषि वन" कार्यक्रम सञ्चालन गरिनेछ । नदी उकास क्षेत्र सार्वजनिक तथा निजी जमनि खोलाकिनारा लगायत खाली क्षेत्रमा वृक्षारोपण अभियान सञ्चालन गरिनेछ । | वन क्षेत्रको सघन व्यवस्थापनका लागी नितिगतरुपमै वन सम्बर्द्धन प्रणालीमा आधारीत वन व्यवस्थापन लागू गरि कार्यन्वयन गरिएको छ।हाल सम्म १०३ वटा सामुदायिक वन र ४ वटा साझेदारी वनहरुमा वन सम्बर्द्धन प्रणालीमा आधारीत वन व्यवस्थापन शुरु भइ हालसम्म ५ लाख CFT काठ तथा ३५० चट्टा दाउरा उत्पादन भएको।स्थानिय वन समुहको क्षमता अभिबृद्धि गर्न उपभोक्ता स्तरमा ४२ वटा प्राबिधिक तथा लेखा व्यवस्थापनका तालीम सन्चालन भएका तथा नितिगतरुपमै समुहका कार्यक्रमहरुको व्यवस्थित अनुगमन गरि शुसासन कायम गर्न लागी सुशासन समितीको ब्यबस्था गरिएको छ । वनक्षेत्रमा हुने वन डढेलो नियन्त्रणका लागी सबै जिल्लामा वन डढेलो नियन्त्रण दस्ता निर्माण भइ रु ४२ लाख बजेट बिनियोजन गरि बिभिन्न कार्यहरु भैरहेको ।<br>प्रदेशका कम वनक्षेत्र रहेका ३८ वटा पालिकामा "एक स्थानीय तहः एक नमूना कृषि वन" कार्यक्रम कार्यन्वयनमा रहेको । हालसम्म क्षेत्र छनोट तथा प्राबिधिक अनुगमन एवं बिरुवा प्रजाती छनोटका कार्यक्रम सम्पन्न भएका छन ।रु.१ करोड ९० लाख बजेट बिनियोजित रहेको । यस बर्षमा गरिने बृक्षारोपण कार्यको योजना तयार भई सबै डिभिजनले स्वीकृत गरेको । |

| | | |
|---|---|---|
| १२८. | प्रदेशका जिल्लाहरूमा जडीबुटी पकेट क्षेत्रको विकास गरी "एक जिल्लाः एक नमूना जडीबुटी उत्पादन " कार्यक्रम सञ्चालन गरिनेछ। 'टिमुर' र 'तेजपात' लाई प्रदेशको मुख्य चिनारी जडीबुटीको रुपमा विकास, विस्तार र प्रवर्द्धन गरिनेछ । जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको दिगो संकलन व्यवस्थापन, बजारीकरण र उद्यम विकासको माध्यमबाट स्थानीय तहमा रोजगारी सिर्जना र प्रादेशिक अर्थतन्त्रमा योगदान पु-याइनेछ । | जडिबुटीको उपलब्धताका आधारमा पकेटक्षेत्र बिभाजन गरि रुकुम पूर्व,रोल्पामा अल्लो प्रवर्द्धन कार्यक्रम,रुकुम पुर्व,रोल्पा र प्यूठानमा उच्च पहाडी क्षेत्रमा ओखर विकास कार्यक्रम त्यस्तै अर्घाखाँची,गुल्मी र प्यूठानमा टिमुर खेति विकास तथा प्रवर्द्धन कार्यक्रम र पाल्पामा तेजपात खेति विकास कार्यक्रम लागू भई कार्यन्वयनमा रहेको । |
| १२९ | वन नर्सरीहरूको गुणस्तरलाई अभिवृद्धि गर्दै वन प्रजातिहरूको बहुवर्षीय बिरुवा उत्पादनलाई व्यापक बनाइने छ। स्थानीय तहको साझेदारीमा “एक स्थानीय तहः एक वन नर्सरी” कार्यक्रम अभियानको रुपमा सञ्चालन गरिनेछ। | वन नर्सरीहरुको गुणस्तर बृद्धि गर्दै क्रमश सबै नर्सरीहरुमा बहुबर्षिय बिरुवाहरु उत्पादन गर्ने लक्ष्य सहित १४ लाख बहुबर्षिय बिरुवाहरु नर्सरी नाईके राखी ब्यबस्थापन भईरहेको। स्थानीय तहको साझेदारीमा “एक स्थानीय तहः एक वन नर्सरी” कार्यक्रम २० पालिकामा शुरुभएकोमा हालसम्म ८ वटा नर्सरीहरु निर्माण तथा बिरुवा उत्पादन कार्य भईरहेको। |
| १३० | जलाधार व्यवस्थापन गरी नदी कटान, बाढी, पहिरो, भू-क्षय जस्ता प्राकृतिक प्रकोपको न्यूनीकरण र नियन्त्रण गरिनेछ। वनक्षेत्र भित्रका खोला खहरेको व्यवस्थापन गरिनेछ। पर्यावरणीय सन्तुलन कायम गर्न सुरई खोला, धान खोला, अर्जुन खोला तथा रिहारमा जलाशयहरू निर्माण गरिनेछ । "एक वडा एक पोखरी" कार्यक्रम सञ्चालन गरिनेछ। | गल्छी पहिरो तथा खहरे नियन्त्रण,आकस्मिक पहिरो व्यवस्थापन,ग्रामिण सडकसँग भू-संरक्षण कार्यक्रम मार्फत जलाधार ब्यबस्थापन एवं प्राकृतिक प्रकोपको न्यूनीकरण र नियन्त्रणका कार्यहरु भैरहेका।४ वटा कार्यालयहरु मार्फत भू तथा जलाधार व्यवस्थापन कार्यक्रममा रु १७ करोड ३४ लाख बजेटका कार्यक्रमहरु कार्यन्वयनमा रहेको ।<br>१२ जिल्लाका ८५ वटा वडाहरुमा "एक वडा एक पोखरी" कार्यक्रम सञ्चालन भैरहेकोमा ४२ पोखरी निर्माण सम्पन्न भैसकेको । |
| १३१ र १३२ | चितुवा, बाँदर, निलगाई, बनेल र दुम्सी जस्ता वन्यजन्तुहरूको मानवसँगको द्वन्द्व कम गर्न उनिहरूको<br>बासस्थान व्यवस्थापन र बहन क्षमताका आधारमा<br>नियमन गर्ने उपायहरू अवलम्बन गरिने छ। वन्यजन्तुको अवैध व्यापारलाई कडाईका साथ नियन्त्रण गरिनेछ।<br>"पीडितसँग प्रदेश सरकार" भन्ने भावनाका साथ वन्यजन्तुबाट | मानव बन्यजन्तु द्वन्द्व कम गर्न राहत प्रदान,वन्यजन्तु बिमा एवं अन्य व्यवस्थापनका काम गर्न पीडितसँग प्रदेश सरकार कार्यक्रम मार्फत मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापन कार्यक्रम सन्चालनमा रहि हालसम्म ६ जना मृतकलाइ जनही १ लाखका दरले राहत प्रदान,१२ जना घाइतेको उपचार खर्च प्रदान गरि अन्य ब्यबस्थापनका |

| | | |
|---|---|---|
| | पीडित परिवारलाई राहत उपलब्ध गराईनेछ। मानव-वन्यजन्तु द्वन्द्व कम गर्न वन्यजन्तुले गर्ने क्षतिको बिमा कार्यक्रम सञ्चालन गरिनेछ । वन्यजन्तु उद्धार केन्द्र स्थापना गरी सञ्चालनमा ल्याइनेछ । | काम भैरहेका ।यस अबधीमा वन्यजन्तुको अखेटोपहरालाई अवैध ओसारपसार गर्ने कार्यमा कडाई गरि यस सम्बन्धि ९ वटा मुद्धाहरु दायर भएका । |
| १३३ | जैविक विविधता संरक्षण तथा जैविक मार्ग लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ । प्रदेश भित्रका लोपोन्मुख, रैथाने वनस्पति एवं जैविक विविधता संरक्षण तथा अनुसन्धानका लागि "प्रादेशिक वनस्पति उद्यान" सञ्चालन गरिनेछ। | संकटापन्न तथा लोपोन्मुख वनस्पति, वन्यजन्तुको बास स्थान संरक्षण कार्यक्रम कार्यन्वयनमा रहि संकटापन्न तथा लोपोन्मुख जैबिक बिबिधताहरुको ब्यबस्थापन र संरक्षणका कार्यहरु सबै जिल्लाहरुमा भैरहेको ।प्रदेशस्तरमा २ वटा वनस्पति उद्यान र २ वटा जडिबुटि उद्यानहरु निर्माण भैरहेका । |
| १३४ | वन क्षेत्रको संरक्षण र व्यवस्थापनमा अग्रपङ्तिमा रहने वनरक्षकहरूको सामाजिक सुरक्षाको लागि "वनरक्षक दुर्घटना बिमा कार्यक्रम" सञ्चालन गरिनेछ। | वन क्षेत्रको संरक्षण र व्यवस्थापनमा अग्रपङ्तिमा रहने वनरक्षकहरूको सामाजिक सुरक्षाका लागी "वनरक्षक दुर्घटना बिमा कार्यक्रम" सम्झौताको चरणमा रहेको । |
| १३५ | संघ तथा स्थानीय तहसँग समन्वय गरी प्रदेशभित्र रहेका निकुञ्ज, आरक्ष, संरक्षित र सिमसार क्षेत्रमा पर्यापर्यटनको कार्यक्रम सञ्चालन गरी पर्यटन प्रवर्द्धन गरिनेछ । | निकुञ्ज, आरक्ष, संरक्षित र सिमसार क्षेत्रमा पर्यापर्यटनको कार्यक्रम सञ्चालन गरी पर्यटन प्रवर्द्धन गर्न भू तथा जलाधार ब्यबस्थापन कार्यालयहरुबाट सिमसार व्यवस्थापनका कार्यहरु भैरहेका ।पर्यापर्यटनमा आधारित होमस्टेहरुको अनुगमन तथा पृष्टिपोषणका कार्यहरु मन्त्रालयबाट भैरहेको । |
| १३६ | जगदिशपुर र बढैया ताल एवं आसपासका क्षेत्र समेटी "चरा आरक्ष क्षेत्र" घोषणा गरी चराको शिकार गर्न निषेधित पर्यापर्यटनमार्फत गरिनेछ।<br>चराहरूको संरक्षण र स्थानीय रोजगारी सिर्जना र जीविकोपार्जनमा सहयोग गर्ने कार्यक्रम सञ्चालन गरिनेछ। वन अतिक्रमण पूर्णरुपमा निषेध गरिनेछ । वन सम्पदाको संरक्षणलाई सबैको साझा दायित्वको रुपमा स्थापित गरिनेछ । | जगदिशपुर ताल "चरा आरक्ष क्षेत्र" भई व्यवस्थापन कार्ययोजना अनुसार काम भैरहेको । बढैया तालको संभाव्यता अध्ययनको काम भैरहेको । |
| १३७ | प्रदेश भित्रका महत्वपूर्ण जलाधार क्षेत्रहरू राप्ती, बबई,तिनाउ, दानव, तुरीया, बाणगंगा, उत्तरगंगा लगायत नदी प्रणालीहरूको संरक्षण, व्यवस्थापन र सदुपयोगको माध्यमबाट जल सञ्चय वृद्धि, प्राकृतिक विपद् तथा जलवायु परिवर्तन न्यूनीकरण गर्न बृहत् रुपमा कार्यक्रम विस्तार गरिनेछ। रूपन्देहीको रोहिणी नदीमा | राप्ती, बबई,तिनाउ, दानव, तुरीया, बाणगंगा, उत्तरगंगा लगायत नदी प्रणालीमा आधारित जलाधार क्षेत्र उन्मुख कार्यक्रमहरु सन्चालन भैरहेको । |

| | | |
|---|---|---|
| | एकीकृत रुपमा संरक्षण, संवर्द्धन र पर्यापर्यटनको कार्यक्रम सञ्चालन गरिनेछ। | |
| १३८ र १३९ | हाम्रा अग्रज पुर्खाहरूको कठोर मेहनतले रोपी हुर्काई संरक्षण गरेका प्रदेशमा नमूनाकै रुपमा रहेका सार्वजनिक क्षेत्रका "आँप", "वर", "पिपल" का बगैंचा जस्ता सम्पदा र वंशाणु स्रोतको दिगो संरक्षण र अभिलेखीकरण गरिनेछ । प्रदेश भित्र पहाडी क्षेत्रका उपयुक्त स्थानमा लालिगुराँस, चिउरी र काफलको प्रवर्द्धन गरिनेछ।<br>जलवायु परिवर्तन सम्बन्धी प्रादेशिक कार्य योजना तयार गरी कार्यान्वयन गरिनेछ । वातावरण संरक्षण तथा जलवायु परिवर्तन सम्बन्धी नीतिगत तथा कानूनी व्यवस्था गरिनेछ। | रैथाने वगैचाहरुको अभिलेखीकरण र संरक्षण (आँप, वर, पिपल लगायत) कार्यक्रम कार्यन्वयनमा रहि तिनिहरुका वंशाणु स्रोतको दिगो संरक्षण र अभिलेखीकरण भैरहेको ।पाल्पामा चिउरीको पकेट क्षेत्र घोषणा भइ यसको प्रवर्द्धनका कार्यक्रम सन्चालन भैरहेको ।<br>प्रदेशस्तरमा जलवायु परिवर्तन सम्बन्धि सचेतनामुलक कार्यक्रमहरु कार्यन्वयन भईरहेका ।वातवरण संरक्षण ऐन र नियमावली कार्यन्वयनमा रहेका |
| १४० र १४१ | हरित विकासको अवधारणा र जलवायु उत्थानशील विकासलाई टेवा पुर्‍याउने गरी हरित रोजगारी सिर्जना गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।<br>संघ र स्थानीय तहसँगको समन्वयमा ढुङ्गा, गिट्टी, बालुवा जस्ता नदीजन्य पदार्थ एवं प्राकृतिक स्रोतको संरक्षण, व्यवस्थापन र उपयोगका लागि नीतिगत, कानूनी र संस्थागत प्रबन्ध मिलाइनेछ । | बार्षिक कार्यक्रम कार्यन्वयन,वन व्यवस्थापनका कार्यहरुबाट १० लाख बढी श्रमदिन रोजागर सृजना भएको ।<br>वनक्षेत्र भए बग्ने खोलाहरुको व्यवस्थापन गरि नदीजन्य पदार्थ संकलन एवं बिक्रिबाट प्रदेशको आम्दानी बढाउन कार्यक्रम सन्चालन तराईका जिल्लाहरुमा भैरहेको ।हाल सम्म ४० लाख राजश्व आम्दानी भएको । |

**५.वजेट व्यक्तव्यको आठ महिनाको प्रगती**

| **बजेट वक्तव्य बुँदा नं.** | **कार्यक्रम** | **लक्ष्य प्राप्तिको विद्यमान अवस्था** |
|---|---|---|
| ७२ | व्यवस्थापन योग्य वन क्षेत्रलाई वन व्यवस्थापनका माध्यमबाट ५० हजार हेक्टर वन क्षेत्रमा सघन वन व्यवस्थापन कार्यक्रम कार्यान्वयन गरिनेछ । यस कार्यक्रमका लागि रू. ७ करोड २१ लाख विनियोजन गरेको छु।यसबाट काठ र दाउरा उत्पादन भई काठको आपूर्ति सहज हुनुका साथै रोजगारी सिर्जना हुने र प्रदेश सरकारको राजश्व वृद्धि हुने अपेक्षा लिएको छु। | वन क्षेत्रको सघन व्यवस्थापनका लागी नितिगतरुपमै वन सम्बर्द्धन प्रणालीमा आधारीत वन व्यवस्थापन लागू गरि कार्यन्वयन गरिएको छ।हाल सम्म १०३ वटा सामुदायिक वन र ४ वटा साझेदारी वनहरुमा वन सम्बर्द्धन प्रणालीमा आधारीत वन व्यवस्थापन शुरु भइ हालसम्म ५ लाख CFT काठ र ३५० चट्टा दाउरा उत्पादन भएको।यस अबधीमा १० लाख श्रमदिन रोजगारी सृजना वनक्षेत्रबाट भएको तथा रु ८ करोड रुपया प्रदेश सन्चित कोषमा जम्मा भएको । |

| | | |
|---|---|---|
| ७३ | वन क्षेत्रबाट बग्ने नदी, खोला र खोल्सीहरूमा थुप्रिएका ढुङ्गा, गिट्टी, बालुव जस्ता नदीजन्य पदार्थहरूको कारण हुन सक्ने वन क्षयीकरण र बस्ती जोखिमलाई न्यूनीकरण गर्न नदीजन्य पदार्थको उत्खनन् तथा व्यवस्थापन गरिनेछ। यसका लागि रू. १ करोड २० लाख विनियोजन गरेको छु। यसले प्रदेशको राजस्व परिचालनमा समेत सहयोग पु-याउनेछ। | वनक्षेत्र भए बग्ने खोलाहरुको व्यवस्थापन गरि नदीजन्य पदार्थ संकलन एवं बिक्रिबाट प्रदेशको आम्दानी बढाउन कार्यक्रम सन्चालन भईहाल सम्म ४० लाख राजश्व आम्दानी भएको ।कपिलबस्तु अर्घाखाँची र रुपन्देहीमा काम भैरहेको । |
| ७३. | "सामुदायिक तथा कबुलियती वन विकास कार्यक्रम" का माध्यमबाट २ लाख हेक्टर सामुदायिक वनको व्यवस्थापन गरिनेछ । वन अतिक्रमण रोकथाम कार्यक्रमका साथै सबै जिल्लाका डढेलो जोखिम वन क्षेत्रभित्र रहेका पातपतिङ्गर र स्याउलाबाट प्राङ्गारिक मल उत्पादन उद्यम सञ्चालन गरी मलको आपूर्ति र डढेलो न्यूनीकरण गर्ने कार्यलाई निरन्तरता दिएको छु। यसका लागि रू. ४ करोड ८० लाख विनियोजन गरेको छु । | सामुदायिक तथा कबुलियती वन विकास कार्यक्रम पहाडका सबै जिल्लामा लागु भई वनक्षेत्रको दिगो व्यपस्थापन भईरहेको ।३५ वन क्षेत्रभित्र रहेका पातपतिङ्गर र स्याउलाबाट प्राङ्गारिक मल उत्पादन उद्यम सञ्चालनका लागी कार्य अगाडि बढेको हालसम्म १५ वटा उद्यम सन्चालन भैसकेको ।सबै जिल्लामा जिल्लास्तरिय वन डढेलो जोखिम नक्सा तयार भई काम भएको । |
| ७४. | वनक्षेत्रको डढेलो नियन्त्रण तथा वन अतिक्रमण र चोरी निकासी नियन्त्रणका लागि "वनसँग सेलिब्रेटी कार्यक्रम' सञ्चालन गरिनेछ । वनको सुरक्षा र संरक्षणमा खटिने वन रक्षकहरूको शारिरीक तन्दुरूस्तीका लागि सबै डिभिजनस्तरमा खुल्ला जिम सञ्चालन र दुर्घटना बीमा गरिनेछ। यस कार्यक्रमका लागि रू. १ करोड ८ लाख विनियोजन गरेको छु । | वनक्षेत्रको डढेलो नियन्त्रण तथा वन अतिक्रमण र चोरी निकासी नियन्त्रणका लागि स्थानिय उपभोक्तास्तरमा सचेतना फैलाउन "वनसँग सेलिब्रेटी कार्यक्रम' १४ डिभिजन वन कार्यालयहरुले कार्यन्वयन गरिरहेको । हालसम्म ९ वटा स्थानमा कार्यक्रम सम्पन्न भइ करिब ४० हजार स्थानिय जनताहरुमा वनसँग सम्बिनिधत सचेतना प्रदान गरिएको । वन कर्मचारीहरुको शारिरीक तन्दुरूस्तीका लागि १३ डिभिजनस्तरमा खुल्ला जिम सञ्चालन गरिएको एवं वन रक्षक दुर्घटना बिमा सम्झौताको चरणमा रहेको । |
| ७५. | "पीडितसँग प्रदेश सरकार" कार्यक्रम मार्फत सबै जिल्लामा मानव र वन्यजन्तु बिचको द्वन्द्व व्यवस्थापन, वन्यजन्तुबाट हुने क्षतिको बीमा, राहत तथा उद्धार कार्यक्रम सञ्चालन गरिनेछ । संघ सरकारसँगको सहयोग र समन्वयमा बाँके र बर्दिया राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा छेकवार लगाई "वन्यजन्तु सुरक्षित गाउँबस्ती कार्यक्रम सञ्चालन गरी क्षति न्यूनीकरण गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु । | मानव बन्यजन्तु द्वन्द्व कम गर्न राहत प्रदान,वन्यजन्तु बिमा एवं अन्य व्यवस्थापनका काम गर्न पीडितसँग प्रदेश सरकार कार्यक्रम मार्फत मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापन कार्यक्रम सन्चालनमा रहि हालसम्म ६ जना मृतकलाइ जनही १ लाखका दरले राहत प्रदान,१२ जना घाइतेको उपचार खर्च प्रदान गरि अन्य ब्यबस्थापनका काम भैरहेका ।संघ सरकारको सहयोगमा बर्दियाको खाता वनक्षेत्रमा तारबार झाडी |

| | | |
|---|---|---|
| | | सफाइ तथा मचान निर्माणका कामहरु सम्पन्न भएका । |
| ७६. | तालतलैया तथा सीमसार क्षेत्रहरूको व्यवस्थापन तथा चरा संरक्षण कार्यक्रम कार्यान्वयन गरिनेछ । कपिलवस्तुको जगदीशपुर ताल क्षेत्रलाई "चरा आरक्ष क्षेत्र" घोषणा गरिनेछ । बर्दियाको बढैयाताल क्षेत्रलाई चरा आरक्ष क्षेत्रको रुपमा विकास गर्न सम्भाव्यता अध्ययन गरिनेछ । उल्लिखित कार्यक्रमका लागि रू. १ करोड २५ लाख विनियोजन गरेको छु । | जगदिशपुर काललाई "चरा आरक्ष क्षेत्र" घोषणा गरि स्वीकृत व्यवस्थापन कार्ययोजना अनुसार काम रु २५ लाख बजेट बिनियोजन भई कार्य भइरहेको । बढैया तालको संभाव्यता अध्ययनको काम अगाडि बढेको । |
| ७७ | "कृषि, वन तथा वृहत्तर हरियाली प्रवर्धन कार्यक्रम" लाई विशेष अभियानको रूपमा अगाडि बढाउन निजी तथा सार्वजनिक क्षेत्रमा वृक्षारोपणका लागि आवश्यक ४ लाख बहुवर्षीय र १३ लाख एक वर्षे बिरूवा उत्पादन गरिनेछ। २० वटा स्थानीय तहमा " एक स्थानीय तह, एक वन नर्सरी कार्यक्रम" कार्यान्वयन गरिनेछ । उल्लिखित कार्यक्रमका लागि रू. ३ करोड ६६ लाख विनियोजन गरेको छु । | कृषि, वन तथा वृहत्तर हरियाली प्रवर्धन कार्यक्रम कार्यन्वयनका रहेको ।२० वटा स्थानीय तहमा " एक स्थानीय तह, एक वन नर्सरी कार्यक्रम"कार्यन्वयनमा रहेकोमा हालसम्म ८ कार्यक्रम सन्चालन रहेको । स्थानीय तहले साझेदारी गर्न इच्छा नदेखाएकाले कार्यक्रम कार्यन्वयनमा समस्या रहेको । |
| ७८. | वन क्षेत्रमा पानीको स्रोतको पुनर्भरणका लागि "एक वडा, एक पोखरी कार्यक्रम" मार्फत क्रमशः सबै वडास्तरमा विस्तार गर्ने गरी अभियानका रूपमा ८५ वटा पोखरी निर्माण गर्न रू. ३ करोड विनियोजन गरेको छु । | १२ जिल्लाका ८५ वटा वडाहरुमा "एक वडा एक पोखरी" कार्यक्रम सञ्चालन भैरहेकोमा ४२ पोखरी निर्माण सम्पन्न भैसकेको तथा अन्यमा पनि कार्यक्रम कार्यन्वयन भैरहेको |
| ७९ | भू-संरक्षण तथा नदी किनारा वन क्षेत्रमा समूह, समुदाय तथा सरकारी निकायद्वारा बाँस, निगालो, अम्रिसो रोपणमा प्रोत्साहन रकम सहित बृक्षारोपण कार्यक्रम सञ्चालन गरिनेछ । "लुम्बिनीको चाहनाः हरित बस्तीको कामना" कार्यक्रम मार्फत स्थानीय तह तथा सडक सम्बन्धी निकायहरू समेतको सहकार्यमा मुख्य सडकहरूमा सुगन्धित, सदावहार र फूल फुल्ने प्रजातिको वृक्षारोपण गरिनेछ । मुख्य पर्यटकीय स्थल पुग्ने सडक मार्गलाई प्राथमिकतामा राखी कार्यान्वयन गरिनेछ । | भू-संरक्षण तथा नदी किनारा वन क्षेत्रमा समूह, समुदाय तथा सरकारी निकायद्वारा रोपण गर्ने गरि ३० हजार बास रोपण तथा २५ हेक्टर कबुलियती वनमा अम्रिसो रोपण कार्यका लागी क्षेत्र छनोटको काम सकि रोपणङ्गा लागी तयारी थालिएको ।<br>लुम्बिनीको चाहनाः हरित बस्तीको कामना" भन्ने नारालाइ मुर्तरुप दिन हरित सडक लुम्बिनीको पहिचान" कार्यक्रम मार्फत सडक सौन्दर्यीकरण वृक्षारोपण मार्फत ८ किमि सडकमा किनारा वृक्षारोपण तथा १० पालिकाका घना बस्तिमा "एक घर दुई बृक्ष, हाम्रो शहर बनाउ स्वच्छ" अभियान सन्चान गर्न क्षेत्र छनोटका कार्यहरु सकिएको । |
| ८० | तराई क्षेत्रको ३८ वटा स्थानीय तहमा "एक स्थानीय तहः एक नमुना कृषि वन" कार्यक्रम सञ्चालन गरी ३०० हेक्टर निजी जग्गामा नमुना कृषि वनको विस्तार गरिनेछ। निजी तथा कृषि वनको लागि रू. २ | प्रदेशका कम वनक्षेत्र रहेका ३८ वटा पालिकामा "एक स्थानीय तहः एक नमूना कृषि वन" कार्यक्रम कार्यन्वयनमा रहेको । हालसम्म क्षेत्र छनोट तथा |

| | | |
|---|---|---|
| | करोड ६४ लाख विनियोजन गरेको छ । | प्राबिधिक अनुगमन एवं बिरुवा प्रजाती छनोटका कार्यक्रम सम्पन्न भएका। |
| ८१ | लोपोन्मुख र रैथाने वनस्पति तथा जैविक विविधता संरक्षणका लागि २ वटा वनस्पति उद्यान र २ वटा जडीबुटी पार्क निर्माण कार्य प्रारम्भ गर्न रू. १ करोड १० लाख विनियोजन गरेको छ । काष्ठ उद्योग तथा काष्ठकला उद्योगलाई प्राथमिकतामा राखि उद्योग सञ्चालकलाई प्रोत्साहन गर्ने व्यवस्था गरेको छ। | लोपोन्मुख र रैथाने वनस्पति तथा जैविक विविधता संरक्षणका लागि २ वटा वनस्पति उद्यान र २ वटा जडीबुटी पार्क निर्माण कार्य शुरु भएको । प्रदेशका २ वटा आधुनिक उपकरण र प्रबिधि भित्र्याउने काष्ठ उद्योगलाई वस्तुगद अनुदान सहयोग गरिएको । |
| ८२ | रूकुम पूर्व, रोल्पा र प्यूठान जिल्लामा ओखर खेती विकास कार्यक्रमलाई निरन्तरता दिएको छ । टिमुर, अल्लो, दालचिनी, चिउरी, मालागिरी लगायतका जडीबुटीको वृहत्तर खेती विस्तार कार्यक्रम सञ्चालन गरिनेछ। दाङ, बाँके र सबै पहाडी जिल्लाहरूमा जडीबुटी तथा गैरकाष्ठ वन पैदावार विकास कार्यक्रम कार्यन्वयन गरिनेछ । उल्लिखित कार्यक्रमका लागि रू. ४ करोड ७४ लाख विनियोजन गरेको छ। | जडिबुटीको उपलब्धताका आधारमा पकेटक्षेत्र बिभाजन गरि रुकुम पूर्व,रोल्पामा अल्लो प्रवर्द्धन कार्यक्रम,रुकुम पुर्व,रोल्पा र प्यूठानमा उच्च पहाडी क्षेत्रमा ओखर विकास कार्यक्रम त्यस्तै अर्घाखाँची,गुल्मी र प्यूठानमा टिमुर खेति विकास तथा प्रवर्द्धन कार्यक्रम र पाल्पामा तेजपात खेति विकास कार्यक्रम लागू भई कार्यन्वयनमा रहेको |
| ८३ | भू तथा जलाधार व्यवस्थापन कार्यलाई नदी प्रणालीमा आधारित बनाइनेछ । ईन्जिनियरिङ प्रणाली अन्तर्गत सो प्रविधिका बिरुवा रोपण गर्दै दिगो भू तथा जलाधार व्यवस्थापन गर्न लेयरिङ, फेसन निर्माण, पालिसेड जस्ता कम खर्चिला कार्यक्रम कार्यान्वयन गर्न रू. १७ करोड विनियोजन गरेको छ। | भू तथा जलाधार व्यवस्थापन कार्यलाई नदी प्रणालीमा आधारित बनाई कार्यक्रम तय गर्ने प्रयत्न भएको । राप्ती, बबई,तिनाउ, दानव, तुरीया, बाणगंगा, उत्तरगंगा लगायत नदी प्रणालीमा आधारित जलाधार क्षेत्र उन्मुख कार्यक्रमहरु सन्चालन भैरहेको । ४ वटा भु तथा जलाधार व्यवस्थापन कार्यालयहरुमा दिगो भू तथा जलाधार व्यवस्थापन गर्न लेयरिङ, फेसन निर्माण, पालिसेड जस्ता कम खर्चिला कार्यक्रम कार्यान्वयनमा रहेकोमा रोल्पाले कार्यसम्पन्न गरेको । |
| ८४. | गुल्मीको मदाने, रेसुङ्गा र थाप्ले, प्युठानको गौमुखी, रोल्पाको जलजला र बर्दियाको खाता क्षेत्रमा संरक्षित वन व्यवस्थापन र वन क्षेत्र भित्र रहेका ऐतिहासिक तथा मनोरम प्राकृतिक भू-भागमा पर्यापर्यटन प्रवर्द्धन गर्न रू. ४ करोड ४७ लाख विनियोजन गरेको छ । | प्रदेशमा रहेका सबै ६ वटा वनहरुमा पर्यापर्यटन प्रबर्धनका कार्यक्रमहरु कार्यन्वयन भैरहेका । |
| ८५ | स्वच्छ र सफा प्रदेश बनाउन प्रदेशका मुख्य नगरमा प्लास्टिकजन्य पदार्थ नियन्त्रण तथा पुनः प्रयोग, कार्यालय सौन्दर्यीकरण तथा वातावरण संरक्षण सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ । उद्योगहरूको प्रदुषणको अवस्था र स्वीकृत वातावरणीय अध्ययनको अनुगमनलाई तीव्रता दिइनेछ। वातावरण तथा जलवायु अनुकूलन कार्यक्रमका लागि रू. १ करोड १३ लाख विनियोजन गरेको छ। | मुख्य मुख्य शहरहरुमा स्थानियहरुको सहभागीतामा पलाष्टिक र अन्य फोहोर व्यवस्थापन सम्बन्धि अन्तरकृया गरि फोहोरलाइ श्रोतमा नै वर्गिकरण र व्यवस्थापनका लागी कम्पोष्ट विन र साधरण विन बितरण भैरहेको । कार्यालय सौर्यकरण र वातावरण संरक्षणका लागी डि.ब.का.हरुलाइ परिपत्र भएको |

| | | |
|---|---|---|
| | | ।उद्योगहरुको प्रदुषण नियमन गर्न वातावरणीय निरिक्षण तिब्र गराई केहि उद्योगलाइ कारबाहीको प्रकृयामा रहेको । |
| ८६ | वातावरण संरक्षण र सम्वर्द्धनका लागि "एक घर दुई विरुवा रोपण" को नीति कार्यान्वयन गरिनेछ । यसका लागि स्थानीय तहसँग समन्वय गरी बिरुवा वितरण तथा संरक्षण कार्यलाई प्रभावकारी बनाइनेछ । | वातावरण संरक्षण र सम्वर्द्धनका लागि १० पालिकाका घना बस्तिमा "एक घर दुई बृक्ष, हाम्रो शहर बनाउ स्वच्छ" अभियान सन्चान गर्न क्षेत्र छनोटका कार्यहरु सकिएको ।स्थानिय तहसँग समन्वय र सहकार्यका काम भंरहेको । |

६- आ.व.२०७९।०८० को वार्षिक स्वीकृत कार्यक्रमको प्रगति (रु.हजारमा)

| **कार्यक्रम** | **बजेट** | **खर्च** | **प्रतिशत** |
|---|---|---|---|
| वन, वन्यजन्तु, जैविक विविधता संरक्षण तथा व्यवस्थापन कार्यक्रम | २६०७७९ | ५८१२२ | २२.२९ |
| जडिवुटी तथा गैरकाष्ठ वन पैदावार विकास कार्यक्रम | ४८४०० | १२०४७ | २४.८९ |
| भु-संरक्षण तथा जलाधार व्यवस्थापन कार्यक्रम | १७३४०० | ६४६६२ | ३७.२९ |
| वन क्षेत्र भित्रका खोल्सा खोल्सी व्यवस्थापन कार्यक्रम | १२००० | ० | ० |
| वातावरण तथा जलवायु अनुकुलन कार्यक्रम | ११०५० | ७४४ | ६.७४ |
| वन उद्यम र पर्यापर्यटन प्रवर्द्धन कार्यक्रम | ४६२०० | ४२३५ | ९.१७ |
| कृषि वन तथा बृहत्तर हरियाली प्रवर्द्धन कार्यक्रम | १६१४२० | ३२३९३ | २०.०७ |
| नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम (शसर्त) | १३४०० | ११०९ | ८.२८ |
| सम्वृद्धिका लागि वन (शसर्त) | २५३२०० | ० | ० |
| राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम (शसर्त) | ८२६०० | १८४०९ | २२.२९ |
| जडिबुटी विकास कार्यक्रम (शसर्त) | २९००० | १९४४ | ६.७ |
| वातावरण विभाग (शसर्त) | ३२५०० | ३००५ | ९.२५ |
| जलाधार संरक्षण तथा सीमसार ब्यवस्थापन कार्यक्रम (शसर्त) | ४३००० | ८५८६ | १९.९७ |

७.आ.व.२०७९।०८० को बिनियोजित बजेट तथा प्रगति(रु. हजारमा

| बजेट शीर्षक | विनियोजित बजेट | वार्षिक खर्च | प्रतिशत |
|---|---|---|---|
| चालु | १,०९,८९,९६ | ५५,७१,६६ | ५०.७ |
| पुजिगत | ९२,२७,०४ | २३,७५,७७ | २५.७५ |
| जम्मा | २,०२,१७,०० | ७९,४७,४३ | ३९.३१ |

८- राजश्व संकलनको विवरण

| बिबरण | सामुदायिक वन | साझेदारी वन | सरकारद्वारा व्यवस्थित वन | नीजि आवादी |
|---|---|---|---|---|
| उपभोक्ता समूहको कोषमा जम्मा भएको रकम रू. | ८४९०३३१६.३४ | १७११६५७ | ० | ० |
| प्रदेश सञ्चित कोषमा जम्मा भएको रकम रू. | ६४५८३६९५ | ० | ६९८८४१ | ३१६२२९५ |
| मु.अ.क. रू. | १६८१७४१९.१५ | ० | ९०८५१ | ३२०२९१३२ |
| कुल जम्मा | **१२,६३,०४,४३०.५** | **१७,११,६५७** | **७,८९,६९२** | **३,५१,९१,४२७** |

९- विकास आयोजना तथा कार्यक्रमहरुवाट सिर्जित रोजगारीको विवरण

| | |
|---|---|
| वन व्यवस्थापन कार्यबाट | ५६,००० |
| काठ दाउरा उत्पादनबाट | ९,७०० |
| सामुदायिक वन हेरालु तथा कर्मचारी | २,३४,४०० |
| साझेदारी वनको हेरालु तथा कर्मचारी | ५,००० |
| विरूवा उत्पादनबाट | ५४०,००० |
| वृक्षारोपण | ३४०० |
| गैरकाष्ठ वन पैदावार सदुपयोग | ३०,००० |
| व्यापारिक निजी वनको सदुपयोग | ५०,००० |

| वनजन्य उद्यम | १,५०,००० |
|---|---|

**जम्मा १०७८५०० श्रमदिन**

**१०.समस्याहरु**

- ✓ संघिय वन ऐन २०७६ अनुरुप मुद्धा हेर्ने अधिकारीको बिषयमा दुबिधा रहेको हुँदा मुद्दाको निरुपण समयमा नहुँदा न्याय निरुपणको कार्यमा ढीलाइ भइ रहेको ।
- ✓ वन ऐन, २०७६ बमोजिमको वन अपराधहरु नियन्त्रणको लागि सशस्त्र वन रक्षकहरुको परिचालनको कार्य विद्यमान डिभिजन वन कार्यालयहरुको प्रमुख डिभिजनल वन अधिकृतहरुबाट कानूनी रुपमा चेन अफ कमाण्ड प्रणालीमा नभएको ।
- ✓ संघिय वन ऐन २०७६ र प्रदेश वन ऐन २०७८ बीचका वाझिएका विषयहरुको कार्यान्वयनमा व्यवहारिक कठिनाइ रहेको ।
- ✓ ८६ जना फरेष्टरहरु फाजिलमा रहेको तर पदस्थापन हुन नसकेको ।
- ✓ १२ जिल्लाहरुमा केवल ४ वटा मात्र भू तथा जलाधार व्यवस्थापन कार्यालय रहेको छ । सेवा विस्तार तथा गुणस्तरीय सेवाको लागि उपयुक्त माग बमोजिमको सेवा प्रवाह गर्न नसकिएको ।
- ✓ वन व्यवस्थापनको कार्य प्राविधिक विषय भएकोले प्राविधिक जनशक्तीको पुनर्ताजगी अभिमुखीकरण हुन नसक्दा वन व्यवस्थापन कार्ययोजनाहरुको गुणस्तरमा अपेक्षित सुधार हुन नसकेको ।
- ✓ ३ वटा डिभिजन वन कार्यालयको आफ्नै भवन नभएको, ५ वटा डिभिजन वन कार्यालयको भवन जिर्ण रहेको। २९ वटा सव डिभिजनको आफ्नै भवन नभएको, ४० वटा सव डिभिजन कार्यालयको भवन जिर्ण रहेको।
- ✓ मानव वन्यजन्तु द्धन्द व्यवस्थापनमा प्रदेश तहका कार्यालयहरुको संरचना नभएको तथा क्षमता पनि नभएको
- ✓ भू स्खलन ठुला पहिरो नियन्त्रणको बजेट र क्षमताको अभाव ।
- ✓ वन डढेलो व्यवस्थापन तथा नियन्त्रणको लागि आवश्यकप्रविधि तथा क्षमता उपभोक्ता स्तरमा नहुँदा वन डढेलो व्यवस्थापनको कार्य व्यवस्थित हुन नसकेको ।
- ✓ वन उद्यमको विकासको लागि सहजिकरण गर्न वन क्षेत्रको कर्मचारीहरुमा क्षमताको विकास नभएको ।

- ✓ भूमी समस्या सामाधान आयोगले भूमीहिन दलित भुमिहिन सुकुम्वासी र अव्यवस्थित वसोवासीहरुलाई पुर्जा दिने भनि लगत सकलन गरीरहेकोले वन क्षेत्र अतिक्रमण र फडानीको चपेटामा परेको

**११.समस्या समधानका उपायहरु**

- मुद्धा हेर्ने अधिकारीको बिषयमा संघिय ऐन र प्रदेश कानुनमा दुबिधा रहेको हुँदा सो को निकासका लागि संघीय सरकारसग प्रदेश सरकारले पहल गर्नुपर्ने ।
- वन सम्बर्धन प्रणालीमा आधारित वन व्यवस्थापन मार्फत वनहरुको उत्पादकत्व वृद्धि गरी काष्ठजन्य वन पैदावारको आन्तरिक मागलाई पूर्ति गर्दै विदेशबाट हुने काठ आयातलाई प्रतिस्थापन गर्न वनको बैज्ञानिक व्यवस्थापन गरि प्रदेश पुजि निर्माणको हिस्सा बनाउन वन कर्मचारीहरुको हौसला र भावना उच्च राख्न बिशेष प्रोत्साहको व्यवस्था नितिगतरुपमा हुनु पर्ने
- वनक्षेत्रको संस्थागत सुधारका लागि प्रदेशले लगानी बढाउनु पर्ने ।

- वन प्रशासन र वन समूहहरु दुबैमा सुशासन सुदृढ बनाउने तथा आवश्यक ऐन नियम कार्यविधि तथा निर्देशिका तयार पार्ने ।
- वन डढेलोलाइ रोक्न तथा यसको व्यवस्थापन गर्ने काम उच्च प्राथामिकतामा राख्ने ।
- तीन तहका सरकार (संघ, प्रदेश र स्थानीय तह), वन समूहहरु र निजी क्षेत्र बीच प्रभावकारी समन्वय र सहकार्यमा वनको उचित व्यवस्थापन गर्ने ।
- मानव वन्यजन्तुद्धन्द न्यूनिकरणको लागी संघ प्रदेश र स्थानियसरकार बिच संयन्त्रको निर्माण गरि कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा प्राथमिकता दिने ।

**११.अन्य**

**आव २०७९।०८० मा मन्त्रालयले शुरु गरीएका नया तथा नविनतम कार्यक्रमहरू**

- वन सम्वर्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन
- वनरक्षक दुर्घटना बिमा कार्यक्रम
- वन कर्मचारीका लागी खुला जिम कार्यक्रम
- एक पालिका एक नमुना कृषि वन
- वनसँग सेलिब्रेटी कार्यक्रम
- कम खर्चिलो भुसंरक्षण प्रबिधि
- वन डढेलोको प्रकोप रोक्न तथा वनमा खेर गइरहेको पात पतिंगरबाट कम्पोष्ट मल निर्माण

**वन क्षेत्रको अवसर**

प्रदेश सरकारका नीति तथा कार्यक्रमहरुले लिएका नीति, रणनीति, कार्यनीति, लक्ष्य, योजना तथा कार्यक्रमहरुलाई मध्यनजर गर्दै हालसम्मको उपलब्धी समेतलाई विचार गर्दा यस क्षेत्रको अवसर र मन्त्रालयको आगामी कार्यदिशा संक्षिप्तरुपमा निम्न बमोजिम रहेका छन।

**अवसर**

- ✓ वन उद्यम बिकासबाट रोजगारी सृजना गर्ने तथा दिगो वन व्यवस्थापनमा टेवा पुर्याउने ।
- ✓ प्रदेश स्तरमा प्राकृतिक स्रोतको सदुपयोग तथा प्रदेश आत्मनिर्भरको अवसरमा वन क्षेत्रको योगदान अभिवृद्दि गर्ने ।
- ✓ जलबायू परिवर्तन अनुकुलनमा योगदान तथा कार्बन उत्सर्जन न्यूनिकरणमा योगदान गर्नुको साथै वातावरणीय सेवाको गुणस्तरमा अभिवृद्दी गर्ने ।
- ✓ जडिबुटी तथा गैह्रकाष्ठ वन पैदावारको उत्पादकत्व बुद्धि तथा व्यवसायिकरण
- ✓ जलाधार क्षेत्रको संरक्षण तथा व्यवस्थापनबाट भौतिक पूर्वाधारहरुको दिगो संरक्षणमा योगदान गर्ने अवसर ।
- ✓ पर्यापर्यटनको विकास र स्थानीय रोजगारीको सृजना

१२- निष्कर्ष

यो अबधिमा मन्त्रालयका महत्वपुर्ण कानुनका रुपमा रहेका वन ऐन तथा वन नियमावली निर्माण भइ कार्यन्वयनमा अएका छन ।ऐन तथा नियमावली कार्यन्वयनका लागि चाहिने प्रयाप्त बजेट तथा कार्यक्रमहरुको व्यवस्था हुनुपर्ने देखीन्छ । प्रदेशको प्रमुख एवं महत्वपुर्ण क्षेत्रका रुपमा रहेको वनक्षेत्रलाइ कुशल व्यवस्थापन गरि प्रदेशलाइ आत्मनिर्भर बनाउन आवश्यक कार्यक्रम तथा अन्य नितिगत व्यवस्थामा जोड दिन पर्ने देखीन्छ ।